# सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेडको
# नवौं वार्षिक साधारण सभा
# को
# निर्णय (माईन्यूट) विवरण

**१) प्रारम्भिक**

यस सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेडको **नवौं वार्षिक साधारण सभा** मिति २०८२ पौष २४ (तदअनुसार ८ जनवरी, २०२६) बिहीबार शुभ इभेन्ट्स, बाँसबारी, काठमाण्डौंमा सञ्चालक समितिका सदस्यहरुको भौतिक उपस्थितीमा सम्पन्न भएको थियो । कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष, सदस्यहरु तथा कम्पनीका पदाधिकारीहरु, लेखापरिक्षकलाई आसन ग्रहण गर्न अनुरोध गर्नु भएको थियो । साधारण सभामा अध्यक्षज्यूले सञ्चालक समितिको तर्फबाट आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । नवौं वार्षिक साधारण सभा बिहान ११:०० बजेबाट शुरु भई निर्धारीत विषयसुची अनुसारका प्रस्तावहरुमा छलफल तथा निर्णय गरी दिनको ११:४५ बजे सभा सम्पन्न भएको थियो । साधारण सभाका निर्णयहरु तथा अन्य काम कार्यवाहीको विवरण देहाय बमोजिम रहेका छन् ।

**२) सूचना प्रकाशन :**

सञ्चालक समितिको मिति २०८२/०९/०२ गते बसेको ५५ औं बैठकको निर्णय बमोजिम कम्पनीको नवौं वार्षिक साधारण सभा मिति २०८२/०९/२४ गते शुभ इभेन्ट्स, बाँसबारी, काठमाण्डौंमा आयोजनाका लागि मिति २०८२।०९।०३ गते अन्नपूर्ण राष्ट्रिय दैनिकमा प्रथम पटक र दोस्रो पटक मिति २०८२।०९।०९ गते अन्नपूर्ण राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको र कम्पनी ऐनमा भएको व्यवस्था बमोजिम कम्पनीको वार्षिक प्रतिबेदन सहित साधारण सभाको बिस्तृत सूचना शेयरधनी महानुभावहरुलाई कम्पनीमा उपलब्ध ठेगानामा पठाईएको र कम्पनीको वार्षिक प्रतिवेदन, साधारण सभाको बिस्तृत सूचना कम्पनीको वेभसाइट www.sanimareliancelife.com मा पनि राखिएका थियो ।

**३) उपस्थिति**

**क) संचालकहरु तर्फ :**

| | |
|---|---|
| १. श्री रतन लाल केडिया | अध्यक्ष |
| २. श्री डा. सुवर्णदास श्रेष्ठ | सञ्चालक |
| ३. श्री भरत कुमार तोदी | सञ्चालक |
| ४. श्री तेज बहादुर चन्द | सञ्चालक |
| ५. श्री परिक्षीत खेम्का | सञ्चालक |
| ६. श्री केशव राज के.सी. | सञ्चालक |
| ७. श्री मिना कुमारी सैंजु | स्वतन्त्र सञ्चालक |

**ख) पदाधिकारीहरु तर्फ :**

| | |
|---|---|
| १. श्री शिवनाथ पाण्डे | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री राकेश पोखरेल | वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत |
| २. श्री निराजन कँडेल | नायब प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री गुणराज श्रेष्ठ | मुख्य प्रबन्धक |

सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि. २०६४

४. श्री अमिता डंगोल — मुख्य प्रबन्धक

५. श्री सन्दीप सिंह — मुख्य प्रबन्धक

५. श्री ज्ञान बहादुर रायमाझी — मुख्य प्रबन्धक

६. श्री सुजीप श्रेष्ठ — वरिष्ठ प्रबन्धक

७. श्री प्रिती श्रेष्ठ — कम्पनी सचिव

**ग) शेयरधनीहरूका तर्फ :**

| | |
|---|---|
| उपस्थिति शेयर धनिहरुका संख्या | : ६९८ जना |
| क) शेयरधनी स्वयंबाट | : ५७३ जना |
| ख) प्रतिनिधि (प्रोक्सी) बाट | : १२५ जना |
| शेयरका प्रतिनिधित्व संख्या | : २,५६,०७,९९६ कित्ता |
| शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | : ५१.१२% |

**४) छलफलका विषय :-**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।

२. सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि. को आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत् सम्बन्धि अनुसूचि तथा NFRS प्रणाली बमोजिम तयार गरिएको वित्तिय विवरण उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. ०८२।०८३ को लागि सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि. को लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा । (हालका लेखापरिक्षक श्री जे.बी. राजभण्डारी एण्ड डिबीन्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः लेखापरिक्षक नियुक्त हुन योग्य रहनु भएको ।)

४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम विद्यमान चुक्ता पूँजी रु.५,०१,४९,२४,०५६।- (अक्षरेपी पाँच अर्ब एक करोड उन्पचास लाख चौबीस हजार छपन्न मात्र) को १०.१७८० प्रतिशतका दरले हुने रकम रु.५१,०४,१८,९७०।- (अक्षरेपी एकाउन्न करोड चार लाख अठार हजार नौ सय सत्तरी मात्र) बराबरको नगद लाभाशं (कर सहित) वितरण गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

५. सञ्चालक समितिमा रिक्त स्वतन्त्र सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्तीको अनुमोदन गर्ने सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरु :**

१. कम्पनी ऐन, २०६३ को दफा १०५(ग) बमोजिम आ.व. २०८१।०८२ मा सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि.बाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्च अनुमोदन गर्ने सम्बन्धमा ।

२. उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुँदा नियमनकारी निकायबाट कुनैपनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग. विविध ।**

सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेड २०६४

५) गणपुरक संख्या :

क) प्रतिनिधित्व गर्ने शेयरधनी संख्या :

| बिवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ६४९८२९ | ५७३ | १२५ | ६९८ | ०.११% |

ख) शेयर संख्या :

| बिवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रतिनिधि मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर संख्या | ५,०१,४९,२४० | १,४९,५४,९५२ | १,०६,५३,०४४ | २,५६,०७,९९६ | ५१.१२% |

६) सभाको वैधानिकता तथा सभापतित्व

क) कम्पनी ऐन २०६३ को दफा ७३ को उपदफा (२) तथा यस कम्पनीको नियमावली बमोजिम साधारण सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र सभा वैधानिक भएको व्यहोरा सभा समक्ष कम्पनी सचिवबाट जानकारी गराइयो ।

ख) कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनीका अध्यक्ष श्री रतन लाल केडियाज्यूबाट सभाको अध्यक्षता ग्रहण गर्नु भई उहाँको आज्ञाले सभा औपचारीक रुपमा प्रारम्भ गरियो ।

७) सभा संचालन तथा बार्षिक प्रतिवेदन प्रस्तुती

साधारण सभा औपचारीक रुपमा सञ्चालन गर्न सभाध्यक्षज्यूको अनुमति पश्चात सभाको काम कारबाहीलाई अगाडि बढाउने कममा सभाका सभाध्यक्ष एवं अध्यक्ष श्री रतन लाल केडियाज्यूलाई आफ्नो मन्तव्य सहित वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गरियो । तत्पश्चात अध्यक्षज्यूले सभा समक्ष आफ्नो मन्तव्य व्यक्त गर्नु भई आ.व.२०८१।०८२ को संचालक समितिको बार्षिक प्रतिवेदन अनुमोदनको लागि प्रस्तुत गर्नुभयो । सभा समक्ष पेश भएको वार्षिक प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र तत् सम्बन्धि अनुसूचि तथा NFRS प्रणाली लागू गरि तयार गरिएको वित्तिय विवरण समेतमा आ-आफ्नो राय, प्रतिक्रिया, तथा सुझाव सहित छलफलको लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गरिएको थियो ।

८) मन्तव्य, जिज्ञासा र सुझावहरु

उपरोक्त प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब, एकीकृत आय व्यय हिसाब, नगद प्रवाह विवरण तथा वार्षिक प्रतिवेदनमा उल्लेख भएका यस कम्पनीका आर्थिक गतिविधी उपर छलफलको क्रममा देहायका शेयरधनी महानुभावहरुले आ-आफ्नो मन्तव्य, जिज्ञासा तथा सुझाव लिखित पेश गर्नु भयो ।

| क्र.सं. | नाम | क्र.सं. | नाम |
|---|---|---|---|
| १. | उत्तम दत्त पाण्डे | ३. | चन्द्र नारायण श्रेष्ठ |
| २. | नरसिंह लाल चँखु | ४. | अमृत दास रञ्जीत |

सागरमाथा लाईफ ... २०६४

५. सुरेन्द्र चिमौरिया ६. कमल राज खरेल

उल्लेखित शेयरधनी वक्ताहरुले देहाय बमोजिमको मन्तव्य, सुझाव तथा जिज्ञासा राख्नुभयो :

१. कम्पनीको प्रमुख आर्थिक सूचकांक सकरात्मक रहनुले मर्जर पश्चात कम्पनी प्रगतिपथमा नै रहेको ।

२. यस आ.व.मा प्रस्तावित लाभाशं राम्रो रहेको र भविष्यमा पनि यस्तै प्रकारको लाभाशं वितरण गर्ने प्रयास गर्न सञ्चालक समिति तथा व्यवस्थापनलाई सुझाव दिइएको ।

३. लगानी विविधिकरण गरी उच्च प्रतिफल प्राप्त गर्न लगानी सम्बन्धी निति तथा योजना बनाउन सुझाव दिइएको ।

शेयरधनी महानुभावहरुबाट मन्तव्यका क्रममा राय, प्रतिकृया र सुझाव राख्ने कार्य पुरा भएपछि शेयरधनी महानुभावहरुको राय, प्रतिकृया र सुझावको लागि सभाका अध्यक्षज्यूले धन्यवाद ज्ञापन गर्नु भयो र शेयरधनी महानुभावहरुको जिज्ञासाको उत्तर प्रमुख कार्यकारी अधिकृत श्री शिवनाथ पाण्डेज्यूले दिनुका साथै शेयरधनी महानुभावहरुबाट प्राप्त सुझावहरु बमोजिम क्रमिक रुपमा सुधार गर्दै लाने प्रतिवद्धता व्यक्त गर्नु भयो । आगामी दिनहरुमा कम्पनीलाई अझै सबल बनाउँदै लाने र लगानीकर्तालाई यथोचित प्रतिफल वितरण गरिने जानकारी गराउनु भयो ।

८) **साधारण सभाका छलफल तथा निर्णयहरू**

क) **सामान्य प्रस्तावहरु :**

**१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन सम्बन्धमा ।**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री रतन लाल केडियाज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन पारित गर्न प्रस्ताव गरिएकोमा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

**२. सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेडको आ.व. २०८१।०८२ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत् सम्बन्धित अनुसूचि तथा NFRS प्रणाली लागू गरि तयार गरिएको वित्तिय विवरण माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

सभा समक्ष निर्णयार्थ पेश भएको सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि. को आ.व. २०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन, २०८२ आषाढ मसान्त सम्मको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, तत् सम्बन्धि अनुसूचीहरु तथा NFRS प्रणाली लागु गरी तयार गरिएको वित्तिय विवरण उपर समेत छलफल पश्चात उक्त विवरण स्वीकृतिको लागि अनुरोध गर्दा सभाबाट उक्त प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

**३.कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. ०८२।०८३ को लागि सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि. को लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।**

कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि. को आ.व. २०८२/०८३ को लेखापरीक्षण गर्नको लागि लेखा परीक्षण समिति

२०६४

तथा सञ्चालक समितिको सिफारीस बमोजिम लेखापरीक्षण गर्ने संस्थाहरुबाट प्राप्त दरभाउपत्र मध्ये न्यूनतम दरभाउ पेश गर्ने श्री जे.बी. राजभण्डारी एण्ड डिबिन्स, चार्टर्ड एसोसिएट्सलाई पारिश्रमिक मूल्य अभिवृद्धि कर बाहेक रु.७,६०,०००।- (अक्षरेपी सात लाख साठी हजार मात्र) सहित यस कम्पनीको आ.व. २०८२/०८३ को बाह्य लेखापरीक्षकको रुपमा नियुक्त गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम विद्यमान चुक्ता पूँजी रु.५,०१,४९,२४,०५६।- (अक्षरेपी पाँच अर्ब एक करोड उनपचास लाख चौबीस हजार छपन्न मात्र) को १०.१७८० प्रतिशतका दरले हुने रकम रु.५१,०४,१८,९७०।- (अक्षरेपी एकाउन्न करोड चार लाख अठार हजार नौ सय सत्तरी मात्र) बराबरको नगद लाभाशं (कर सहित) वितरण गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम विद्यमान चुक्ता पूँजी रु.५,०१,४९,२४,०५६।- (अक्षरेपी पाँच अर्ब एक करोड उनपचास लाख चौबीस हजार छपन्न मात्र) को १०.१७८० प्रतिशतका दरले हुने रकम रु.५१,०४,१८,९७०।- (अक्षरेपी एकाउन्न करोड चार लाख अठार हजार नौ सय सत्तरी मात्र) बराबरको नगद लाभाशं (कर सहित) वितरण गर्ने सम्बन्धि प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**५. सञ्चालक समितिमा रिक्त स्वतन्त्र सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्तीको अनुमोदन गर्ने सम्बन्धमा ।**

स्वतन्त्र सञ्चालक श्री सरीता भट्ट अधिकारीज्यूले राजीनामा दिनु भई रिक्त रहेको पदमा सञ्चालक समितिको मिति २०८२।०१।२६ को बैठकले बाँकी कार्यकालको लागि श्री मिना कुमारी सैंजुज्यूलाई स्वतन्त्र सञ्चालकको रुपमा नियुक्त गर्ने निर्णयलाई अनुमोदन गर्ने सम्बन्धी प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

## ख. विशेष प्रस्तावहरु :

**१. कम्पनी ऐन, २०६३ को दफा १०५(ग) बमोजिम आ.व. २०८१।०८२ मा सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि.बाट संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्च अनुमोदन गर्ने सम्बन्धमा ।**

आर्थिक वर्ष २०८१/०८२ मा सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लि. बाट रु.१,९३,४५३।- (अक्षरेपी एक लाख त्रीयानब्बे हजार चार सय त्रीपन्न मात्र) संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत भएका खर्च कम्पनी ऐन, २०६३ को दफा १०५(ग) बमोजिम अनुमोदन गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**५. उपरोक्त बमोजिम पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुँदा नियमनकारी निकायबाट कुनैपनि विषयमा संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्यहरु समेत गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।**

यस साधारणसभाबाट पारित सामान्य तथा विशेष प्रस्ताव स्वीकृतिको लागि पेश हुँदा नियमनकारी निकायबाट कुनैपनि संशोधन वा परिवर्तन गर्न कुनै निर्देशन वा कैफियत प्राप्त भएमा सो समेत मिलाई संशोधन वा परिवर्तन गर्न तथा अन्य कार्य समेत गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

सानिमा रिलायन्स लाईफ ... २०६४

९. धन्यवाद तथा सभा विसर्जन

विविध विषय अन्तर्गत छलफलका लागि अन्य कुनै विषय नभएको र सबै निर्धारित कार्यसूची बमोजिम छलफल भएको जानकारी सभामा गराईयो ।

कार्यक्रमको अन्त्यमा, सभाध्यक्षज्यूले नवौं वार्षिक साधारण सभामा उपस्थित हुनुभएका सम्पूर्ण शेयरधनी महानुभावहरू एवं उपस्थित अन्य व्यक्तित्वहरुलाई साधारण सभा सम्पन्न गर्न सहयोग पुऱ्याउनु भएकोमा हार्दिक धन्यबाद व्यक्त गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

प्रिती श्रेष्ठ
कम्पनी सचिव

रतन लाल केडिया
सभा अध्यक्ष